नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- ११५

मिति:२०८२।०६।१०

ने.सं. ११४५

श्री गाउँपालिका (सबै)

श्री नगरपालिका (सबै)

विषयः निरीक्षण अधिकृत तोक्न सहमती प्रदान गर्ने सम्वन्धमा।

प्रस्तुत विषयमा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको प.सं.२०८२/८३, च.नं.४२४, मिति २०८२/६/७ को स्थानीय तहमा कार्यरत कुनै अधिकृतस्तरको कर्मचारीलाई निरीक्षण अधिकृत तोक्न सहमती प्रदान गर्ने सम्वन्धी पत्रको छाँयाप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

वोधार्थ:

श्री वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल काठमाडौं

श्री सूचना प्रविधि शाखाः वेवसाइटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

(प्रशासन, योजना तथा मूल्य विश्लेषण शाखा)

बबरमहल, काठमाडौं

फोन नं. : ५३४७९१२
५३४३९३९
५३४९६०३

पत्र संख्याः २०८२/०८३
च.नं. ४२४

मितिः २०८२/०६/०७
नेपाल संवत् ११४५

श्री स्थानीय तह (सबै),
मार्फतः श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १०९३
दर्ता मितिः- ८/९

विषय : निरीक्षण अधिकृत तोक्न सहमति प्रदान गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३२ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त वस्तु वा सेवा सरल एवं सहज रूपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न यस विभागले उपभोक्ता संरक्षण नियमावली, २०७६ को नियम २२ बमोजिम निरीक्षण अधिकृत तोक्नु पर्ने भएकोले उपभोक्ता संरक्षण नियमावली, २०७६ को नियम २१ बमोजिमको योग्यता पुगेको तहाँ स्थानीय तहमा कार्यरत कुनै अधिकृत स्तरको कर्मचारीलाई निरीक्षण अधिकृत तोक्न निजको नाम, पद र सम्पर्क नम्बर समेत उल्लेख गरि सहमति प्रदान गर्न यस विभागको मिति २०८२/०५/३० को निर्णयानुसार अनुरोध छ ।

082/06/06

(शैलेश यादव)
शाखा अधिकृत

श्री स्थानीय तह स. शाखा